रुपनी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रुपनी, सप्तरी

मधेश प्रदेश, नेपाल

प.स.: २०८२/८३ मितिः- २०८२/१२/३०

च.नं. १४०२

विषय - उपभोक्ता समिति गठन गरि पठाउने ।

श्री ६ नं. वडा कार्यालय,
रुपनी गाउँपालिका, ससरी ।

प्रस्तुत विषयमा गाउँसभावाट आ.व. २०८२/८३ मा संचालन हुन विनियोजित तपसिलमा उल्लेख भए वमोजिमको निर्माण कार्यहरु सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम *उपभोक्ता समितिको माध्यमबाट* गर्नुपर्ने भएकोले यो सुचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र तहाँ वडा कार्यालयवाट सार्वजनिक सूचना प्रकाशन गरी यसैसाथ संलग्न मापदण्डको अधिनमा रही प्रचलित कानुन वमोजिम उपभोक्ता समिति गठन गरी पठाउनु हुन अनुरोध छ ।

*तपसिल*

| सि.नं. | योजना पहिचान नं. | योजना विवरण | स्वीकृत बजेट |
|---|---|---|---|
| १ | उ.स.-१-२०८२-८३ | अधुरो गेड सिंह मन्दिर निर्माण तथा मुर्ति स्थापना, वडा नं. ६ | ४,००,०००।- |
| २ | उ.स.-२-२०८२-८३ | वडा कार्यलय अगाडिको महालक्ष्मी भवन प्लाष्टर गर्ने कार्य, वडा नं. ६ | ३,००,०००।- |

*सादर अवगतार्थ*

श्रीमान् गाउँपालिका अध्यक्ष ज्यू, रुपनी गा.पा., ससरी - आवश्यक समन्वय र सहजीकरणको लागि अनुरोध ।

श्रीमान् गाउँपालिका उपाध्यक्ष ज्यू, रुपनी गा.पा., ससरी - आवश्यक समन्वय र सहजीकरणको लागि अनुरोध ।

बोधार्थ

श्री प्राविधिक/योजना शाखा, रुपनी गा.पा., ससरी - आवश्यक समन्वय र सहयोग गर्ने ।

श्री सुचना प्रविधि शाखा, रुपनी गा.पा., ससरी - सामाजिक संजाल र वेबसाइटमा अप्लोड गर्ने ।

..........................

हरिमोहन सुतिहार

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# उपभोक्ता समिति गठन सम्बन्धि मापदण्ड

(क) आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजना स्थलमा नै सात देखि एघार (७ देखि ११ जना) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ ।

(ख) समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको बिषय त्यस्तो भेला हुने मितिले कम्तिमा पाँच दिन (५ दिन) अगावै सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ ।

(ग) उपभोक्ता समितिको गठन गर्दा वडाध्यक्षज्यू वा कार्यपालिकाका सदस्य ज्यू वा वडा सदस्य ज्यू रोहवरमा गर्नु पर्नेछ । सोको समन्वय वडाध्यक्ष ज्यूले गर्ने पर्नेछ ।

(घ) कार्यालयले आयोजना सञ्चालन एवम् कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख व्यवस्थित गर्नु पर्नेछ ।

(ङ) उपभोक्ता समिति गठनको लागि बोलाईएको भेलामा योजनाको संक्षिप्त विवरण र समितिको संरचना सहितको जानकारी कार्यालयको प्रतिनिधि (वडा सचिव/सम्बन्धित साइट इन्चार्ज) ले गराउनु पर्नेछ ।

(च) उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्ने छ । समितिमा कम्तिमा तेत्तीस प्रतिशत (३३%) महिला सदस्य हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी अनिवार्य हुनुपर्नेछ ।

(छ) एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन । साथै सगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन ।

(ज) उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समितिको गठन गरिने छ ।

(झ) उपभोक्ताहरुको लागत सहभागितामा सञ्चालन हुने आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गर्न प्राथमिकता दिईनेछ ।

(ञ) उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नु पर्ने काम समिति आफैंले गर्नु गराउनु पर्नेछ । अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा सस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन ।

(ट) **उपभोक्ता समितिका सदस्यको योग्यता**: (१) उपभोक्ता समितिका सदस्यको योग्यता देहाय बमोजिम हुनु पर्नेछ ।

(क) सम्वन्धित आयोजना क्षेत्रको स्थायी वासिन्दा र १८ वर्ष उमेर पुरा भएको,

(ख) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(ग) सरकारी बाँकी बक्यौता वा पेश्की फछ्र्यौट गर्न बाँकी नरहेको

(घ) अन्य उपभोक्ता समितिमा सदस्य नरहेको

(ङ) चालु आ.व.सम्मको पालिकालाई तिर्नु/बुझाउनुपर्ने कर लगायत दायित्व बुझाएको

(च) जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी र शिक्षक उपभोक्ता समितिको सदस्यमा बस्न पाईने छैन ।

**(ठ) उपभोक्ता समितिको काम, कर्तब्य र अधिकार:**

(क) साइट इन्चार्जको समन्वय र रेखदेखमा सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने,

(ख) उपभोक्ताहरुलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने,

(ग) सम्झौता बमोजिम कार्य शुरु गर्दा कार्यालयबाट आवश्यक निर्देशन लिएर मात्र शुरु गर्ने,

(घ) उपभोक्ता समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरुको कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने,

(ङ) उपभोक्ता समितिका सदस्यहरुको क्षमता विकास गर्ने ।

(च) सम्झौता बमोजिमको कामको परिमाण, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नु पर्ने देखिएमा कार्यालयलाई अनुरोध गर्ने,

(छ) आयोजनाको दिगो व्यवस्थापन सम्बन्धी आवश्यक अन्य कार्य गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत